# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असोज ५ गते, २०८२ साल (अतिरिक्ताङ्क २८


# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रणलगायतका माग राखी जेनजी (Gen-Z) युवा पुस्ताद्वारा संवत् २०८२ साल भदौ २३ र २४ गते गरेको प्रदर्शनको क्रममा काठमाडौं लगायत मुलुकका विभिन्न भागमा भएका भौतिक तथा मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेश गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छः-

**१. जाँचबुझ आयोगको संरचनाः**

(क) श्री गौरी बहादुर कार्की, सूर्य विनायक-८, भक्तपुर -अध्यक्ष

(ख) श्री विज्ञानराज शर्मा, काठमाडौं महानगरपालिका-११, काठमाडौं - सदस्य

(ग) श्री विश्वेश्वर प्रसाद भण्डारी, धनगढी उपमहानगरपालिका-५, कैलाली - सदस्य

**२. जाँचबुझ आयोगको कार्यादेशः**

(क) संवत् २०८२ साल भदौ २३ र २४ गते काठमाडौं लगायतका मुलुकका विभिन्न भागमा प्रदर्शनका क्रममा भएका भौतिक एवं मानवीय क्षतिको छानबिन गर्ने,

(ख) घटना घट्नुका कारणका सम्बन्धमा जाँचबुझ गरी सोको यकिन राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने,

(ग) भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीको सम्बन्धमा आवश्यक राय दिने,

(घ) भविष्यमा यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपाय तथा सुझाबहरु पेश गर्ने,

(ङ) प्रतिवेदनमा उल्लेख भएका सुझाबहरू कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना प्रस्तुत गर्ने।

**३. जाँचबुझ आयोगको कार्यप्रणालीः**

(क) आयोगले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम आफ्नो कार्यसम्पादन गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयोगले स्वतन्त्र र निष्पक्ष ढङ्गले कार्य गर्नेछ र कसैको दबाव वा प्रभावमा पर्ने छैन।

**४. जाँचबुझ आयोगको समयावधि र जनशक्तिः**

(क) आयोगले कार्य प्रारम्भ गरेको मितिले तीन महिनाभित्र रायसहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ।

(ख) आयोगको कार्यालयमा आवश्यक पर्ने सात जना कर्मचारी (सहसचिव-१, उपसचिव-१, शाखा अधिकृत-१, नायब सुब्बा-१, कम्प्युटर अपरेटर-१, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी-१) गृह मन्त्रालयले उपलब्ध गराउने।

**५. जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यको सेवा सुविधा र अन्य व्यवस्थाः**

(क) आयोगका अध्यक्षलाई नेपाल सरकारको मन्त्री सरहको पारिश्रमिक र सवारी चालक, इन्धन, सवारी साधन तथा सञ्चार बापत मासिक साठी हजार रुपैयाँ उपलब्ध गराउने।

(ख) आयोगका सदस्यलाई नेपाल सरकारको राज्यमन्त्री सरहको पारिश्रमिक र सवारी चालक, इन्धन, सवारी साधन तथा सञ्चार बापत मासिक साठी हजार रुपैयाँ उपलब्ध गराउने।

(ग) आयोगको सचिवालयमा काम गर्ने कर्मचारीलाई बहाल रहेको पदको शुरु स्केलको पच्चिस प्रतिशत भत्ता उपलब्ध गराउने।

(घ) आयोगलाई आवश्यक पर्ने मसलन्द, फर्निचरलगायतका सामान गृह मन्त्रालयले व्यवस्थापन गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) आयोग र आयोगको सचिवालयलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने।

**६. जाँचबुझ आयोगको सचिवालय र सम्पर्क मन्त्रालयः**

(क) आयोगको सचिवालय काठमाडौंमा रहनेछ।

(ख) आयोगको सम्पर्क मन्त्रालय नेपाल सरकार, गृह मन्त्रालय रहनेछ।

**आज्ञाले,**
**रामेश्वर दंगाल**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।